"शिक्षा स्वास्थ्य र पूर्वाधार, समुन्नत पुतलीबजारको आधार "

# पुतलीबजार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

प्रगतिनगर, स्याङ्जा
स्था : २०७३

प.सः०८२/०८३
च.नंः २६५

गण्डकी प्रदेश ,नेपाल

मिति :२०८२/०५/०४

श्री वडा कार्यलय सबै,
पुतलीबजार नगरपालिका

**बिषय : जानकारी सम्बन्धमा ।**

प्रस्तुत बिषयमा नेपाल सरकारको भुमि समस्या समाधन आयोगले मिति २०८२/०४/३० गते अन्तिम पटकको सूचना प्रकाशन भएको हुँदा भूमिहीन दलित , भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासी फारम भर्न छुटेको छन् भने मिति २०८२/०६/०३ भित्र फारम भरी नगरपालिकाको भुमि शाखामा पठाउनु हुन जानकारी गरिन्छ। साथै उल्लेखित मितिमा प्रकाशित सूचना समेत यसै साथ संगलन गरि पठाइएको व्यहोरा अनुरोध छ।

धर्मराज ढुङ्गाना
प्रमुख प्रशासकीय अधिकृत

धर्मराज ढुङ्गाना
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

# भूमि समस्या समाधान आयोग

## जिल्ला समिति, स्याङ्जा

भूमि समस्या समाधान आयोग जिल्ला समिति स्याङ्जा

पत्र सङ्ख्याः- २०८२/८३
चलानी नम्बरः- 05

मितिः-२०८२/०५/०१

श्री स्थानीय तह (सबै)

विषय : सूचना प्रकाशन सम्बन्धमा ।

उपरोक्त विषयमा भूमि समस्या समाधान आयोग ताहाचल,काठमाडौले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्बन्धी पैंतीस (३५) दिने सूचना र त्यसै गरि विगतका आयोग, समिति र कार्यदलका बाँकी कामको लागि निवेदन दिने सम्बन्धी अन्तिम पटकको ३५ (पैंतीस) दिने सूचना भनी गोरखापत्र राष्ट्रिय दैनिकको मिति २०८२/०४/३० को पत्रिकामा मिति २०८२/०४/३० देखी लागु हुने गरी ३५ (पैंतीस) दिने सूचना प्रकाशन भएको हुदा सोही अनुसार गर्नु गराउन हुन उक्त प्रकाशित दुई प्रति सूचना यसै पत्रसाथ संलग्न गरि पठाईएको व्यहोरा अनुरोध छ ।

२०८२/०५/०१

..................
झलकनाथ गौतम
सदस्य सचिव

नेपाल सरकार

## भूमि समस्या समाधान आयोग

ताहाचल, काठमाडौं ।

### भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्बन्धी पैंतीस (३५) दिने सूचना ।

**(अन्तिम पटकको सूचना प्रकाशन मिति : २०८२/०४/३०)**

भूमि समस्या समाधान आयोगले भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि कार्य सहमतिपत्र अनुसार सम्झौता भइसकेका सम्पूर्ण स्थानीय तहका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले जग्गा प्राप्त गर्नका लागि आयोगले तोकेको ढाँचा बमोजिम निवेदन फाराम भरी मिति २०८२/०४/३० देखि ३५ दिनभित्र स्थानीय तहबाट वडाका तोकिएका स्थानहरूमा खटिएका लगत संकलक मार्फत पेश गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

नेपाल सरकार

# भूमि समस्या समाधान आयोग

ताहाचल, काठमाडौं ।

फोन नं. ०१-५३१३९३२/५३१३९३६

## बिगतका आयोग, समिति र कार्यदलका बाँकी कामको लागि निवेदन दिने सम्बन्धी अन्तिम पटकको ३५ (पैंतीस) दिने सूचना

प्रकाशित मिति : २०८२/०४/३०

मिति २०७७/०१/०१ भन्दा अगाडि प्रचलित कानून बमोजिम नेपाल सरकारले गठन गरेका आयोग, कार्यदल र समितिबाट वितरण गरेका जग्गाहरूको स्वामित्व वा दर्ता स्रेस्ता वा नक्सा प्रमाणित लगायतका विषयमा कुनै समस्या भए आवश्यक प्रमाण कागजातसहित बिगतका आयोग, समिति र कार्यदलका बाँकी काम सम्पन्न गर्ने सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची २ बमोजिमको ढाँचामा यस आयोगको सम्बन्धित जिल्ला समितिको सचिवालयमा मिति २०८२/०४/३० देखि ३५ (पैंतीस) दिनभित्र निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।